# श्री कुमारी बैंक लिमिटेडको
# उन्नाईसौं वार्षिक साधारण सभाको
## निर्णय विवरण

श्री कुमारी बैंक लिमिटेडको उन्नाईसौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री अमिर प्रताप ज.ब.राणाज्यूको अध्यक्षतामा देहाय बमोजिम गरि सम्पन्न भयो ।

### १) सभाको मिति, स्थान र समय

**मिति** : २०७६ साल आश्विन महिना ११ गते शनिवार (तदनुसार २८ सेप्टेम्बर २०१९)
**स्थान** : नक्शाल व्यांक्वेट, नक्शाल, काठमाडौं ।
**समय** : विहान ११:३० बजे ।

### २) सभाको सूचना प्रकाशन

(क) यस बैंकको मिति २०७६ साल भाद्र महिना २० गते बसेको सञ्चालक समितिको बैठकले निर्णय गरे बमोजिम बैंकको उन्नाईसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) तथा बैंकको नियमावलीको नियम ४ को उपनियम (३) अनुसार मिति २०७६ भाद्र २१ गते र २०७६ आश्विन ०५ गते क्रमशः अभियान राष्ट्रिय दैनिक र कारोवार राष्ट्रिय दैनिकमा गरी २ पटक सूचना प्रकाशित गरिएको ।

(ख) कम्पनी ऐन, २०६३ को दफा १०९ बमोजिम वार्षिक प्रतिवेदन, बैंकको वित्तीय विवरणहरु, सम्वन्धित शेयरधनीहरुको ठेगानामा उन्नाईसौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना साथ सम्लग्न गरी पठाईएको ।

(ग) कम्पनी ऐन, २०६३ को दफा ७९ बमोजिम साधारण सभामा छलफल गरिने वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन, कम्पनी ऐनको दफा ७८ अनुसार तयार गरिएको प्रतिवेदन र सभामा छलफल हुने प्रस्तावहरु सभा हुनुभन्दा एक्काईस दिन अगावै तयार गरी बैंकको रजिष्टर्ड कार्यालयमा शेयरधनीहरुले निरीक्षण गर्न पाउने व्यवस्था गरिएको ।

(घ) साधारण सभामा पर्यवेक्षकको रुपमा उपस्थित हुन नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज लिमिटेड र सिडिएस एण्ड क्लियरिङ लि.लाई अनुरोध गरी पत्राचार गरिएको ।

(ङ) साधारण सभामा आमन्त्रितको रुपमा उपस्थित भई दिनका लागि बाह्य लेखापरीक्षक एसआर पाण्डे एण्ड कम्पनीका चाटर्ड एकाण्टेन्ट श्री शुदर्सन राज पाण्डेलाई र कानुनी सल्लाहाकार श्री लिगल एड्भाईजर्स फोरमका बरिष्ठ अधिवक्ता शम्भु थापालाई अनुरोध गरिएको ।

### ३) सभामा प्रस्तुत छलफलका विषयहरु :

**क. सामान्य प्रस्ताव**

१. उन्नाईसौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।

KUMARI BANK LTD.
CORPORATE OFFICE

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७५/०७६ को वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०७६ को वासलात, आ.व. २०७५/०७६ को नाफा नोक्सान हिसाव र सोहि अवधिको नगद प्रवाह विवरण, नाफा नोक्सान बाँडफाँड हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसंग सम्बद्ध अनुसूचीहरु) उपर छलफल गरी पारित गर्ने ।

३. यस बैंकको सहायक कम्पनी कुमारी क्यापिटल लिमिटेडको आ.व. २०७५/०७६ को वित्तीय विवरण सहितको एकिकृत वित्तीय विवरण छलफल गरी पारित गर्ने ।

४. आ.व.२०७६/०७७ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने (वर्तमान लेखापरीक्षक SR Pandey & Co., Maharajgung, Kathmandu का CA Sudarshan Raj Pandey पुनर नियुक्ती हुन सक्नु हुनेछ) ।

**ख. विशेष प्रस्ताव**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७५/०७६ को लागि चुक्ता पूँजीको १० (दश) प्रतिशत बोनश शेयर तथा बोनश शेयरको कर प्रयोजनार्थ नगद लाभांश ०.५२६% (शुन्य दशमलव पाँच दुई छ प्रतिशत) नगद लाभाँश स्वीकृत गर्ने र सो अनुसार प्रबन्धपत्रको दफा ५ (ख) र (ग) संशोधन गर्ने र सो शंसोधनको क्रममा नियमन निकायबाट कुनै कुराहरु फेर बदल गर्न निर्देशन भएमा सो गर्न सञ्चालक समितिलाई अधिकार हस्तान्तरण गर्ने ।

२. बैंकले आ.व. २०७५/०७६ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐनको दफा १०५ (१)(ग) ले निर्धारण गरेको सीमा भन्दा बढी भएको खर्चलाइ अनुमोदन गर्ने ।

**ग. विविध ।**

४) **सभामा उपस्थिति :**

(क) **सञ्चालकहरुको उपस्थिति**

| | | |
|---|---|---|
| १) | श्री अमिर प्रताप ज.ब.राणा | अध्यक्ष – उपस्थित |
| २) | श्री कृष्ण प्रसाद ज्ञवालि | सञ्चालक – उपस्थित |
| ३) | श्री महेश प्रसाद पोखरेल | सञ्चालक – उपस्थित |
| ४) | श्रीमती अनुराधा चौधरी | सञ्चालक – उपस्थित |
| ५) | डा. गणेश प्रसाद पाठक | सञ्चालक – उपस्थित |

(ख) **पर्यवेक्षक तथा आमन्त्रितको उपस्थिति :**

१) आमन्त्रित वाहृय लेखापरीक्षक एसआर पाण्डे एण्ड कं.का चाटर्ड एकाण्टेन्ट श्री शुदर्सन राज पाण्डे

२) आमन्त्रित, कानुनी सल्लाहाकार– बरिष्ठ अधिवक्ता श्री शम्भु कुमार थापा ।

(ग) **बैंक पदाधिकारीहरुको उपस्थिति :**

| | | |
|---|---|---|
| १) | श्री सुरेन्द्र भण्डारी | – प्रमुख कार्यकारी अधिकृत |
| २) | श्री अनुजमणी तिमिल्सिना | – बरिष्ठ नायव प्रमुख कार्यकारी अधिकृत |
| ३) | श्री उमेश सिंह भण्डारी | – नायव प्रमुख कार्यकारी अधिकृत |
| ४) | श्री अंगिर मान सिंह | – नायव महाप्रबन्धक |
| ५) | श्री मनिष तिमिल्सिना | - नायव महाप्रबन्धक |

KUMARI BANK LTD. CORPORATE OFFICE

६) श्री रामचन्द्र खनाल - सहायक महाप्रबन्धक

७) श्री नरेन्द्र प्रसाद छत्कुली - कम्पनी सचिव/प्रमुख-कानून

**(घ) शेयरधनीहरुको उपस्थिति :**

१) संस्थापक समूहको स्वयम् उपस्थित १७ जना र प्रोक्सी दिने १४३ जना शेयरधनीहरुवाट प्रतिनिधित्व भएको शेयर संख्या ३,८९,८५,४३५

२) सर्वसाधारण शेयरधनीहरुवाट स्वयम् उपस्थित १,०९३ जना र प्रोक्सी दिने २०१ जना शेयरधनीहरुवाट प्रतिनिधित्व भएको शेयर संख्या ९६,६९,७७६

३) कुल शेयरधनीको प्रतिनिधित्व संख्या १,४५४

४) शेयरको कुल उपस्थिति प्रतिशत ५४.७९

## ५) सभाको गणपूरक संख्या :

| विवरण | जम्मा शेयर | स्वयम् उपस्थिति | प्रतिनिधि मार्फत | कुल शेयरधनी संख्या | शेयरको कुल उपस्थिति प्रतिशत |
|---|---|---|---|---|---|
| बांडफांड भएको कुल शेयर संख्या ८,६८,५५,७३१ | ४,८६,५५,२११ | १,११० | ३४४ | १,४५४ | ५६.०१ |

## ६) सभाको वैधानिकता :

सभा सञ्चालन गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा बैंकको नियमावलीको नियम ५ बमोजिम बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरुमध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित हुनुपर्ने प्रावधान अनुसार विहान ११:३० बजेसम्म कूल शेयर संख्या (८,६८,५५,७३१) को ४,६१,३२,४३६ शेयर अर्थात ५३.११ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने तीनजना भन्दा बढी शेयरधनीहरुको उपस्थिति भई साधारण सभाको गणपूरक संख्या पुगेको कुरा कम्पनी सचिवले सभालाई अवगत गराउँदै सभा संचालन गर्न प्रचलित ऐन, कानुन बमोजिम सभा वैधानिक रहेको कुरा जानकारी गराउनु भयो। सभा प्रारम्भ भई समापन नहुँदासम्मको हाजिरी अभिलेख अनुसार माथि तालिकामा उल्लिखित संख्याको शेयर तथा शेयरधनीहरुको प्रतिनिधित्व सभामा रहेको थियो।

## ७) सभाको अध्यक्षता :

कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) अनुसार साधारण सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूबाट हुने भएकोले कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष श्री अमिर प्रताप ज.ब.राणाज्यूलाई सभाको अध्यक्षता गरी दिन आग्रह भएबमोजिम वहाँले अध्यक्षताको आसन ग्रहण गर्नुभयो। साथै सञ्चालक समितिका अन्य सदस्यज्यूहरु, पर्यवेक्षक तथा आमन्त्रित, बैंकका पदाधिकारीहरु सवैलाई आ–आफ्नो स्थानवाट आसन ग्रहण गरि दिन कम्पनी सचिवले अनुरोध गरे बमोजिम वहांहरुले आसन ग्रहण गर्नुभयो।

## ८) सञ्चालक समितिको वार्षिक प्रतिवेदनको प्रस्तुती :

अध्यक्षज्यूले उपस्थित शेयरधनी महानुभावहरुलाई हार्दिक स्वागत गर्दै साधारण सभाको निर्धारित कार्यक्रम अघि बढाउने क्रममा सञ्चालक समितिको उन्नासौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको

KUMARI BANK LTD. CORPORATE OFFICE

वित्तीय विवरण समेतको विवरण पुस्तिका शेयरधनीहरुले अध्ययन गरी सक्नु भएको होला भन्ने विश्वासका साथ बैंकको आ.व. २०७५।७६ को संक्षिप्त वित्तीय झलक, बर्तमान सञ्चालक समिति गठन पश्चात गरेको कार्य प्रगति, चालु आ.व.को लक्ष्य आदि बारेमा सभालाई छोटकरीमा जानकारी गराउनु भयो ।

**९) उन्नासौं वार्षिक प्रतिवेदन तथा नाफा नोक्सान हिसाबको प्रस्तुती :**

सभाका अध्यक्षज्यूले सञ्चालक समितिको तर्फबाट बैंकको उन्नाइसौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७५/७६ को वासलात, नाफा–नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र अनुसूचिहरु तथा सभामा प्रेषित अन्य प्रस्तावहरु सभामा छलफलका लागि प्रस्तुत गर्नुभयो ।

**१०) छलफलका लागि आव्हान :**

साधारण सभामा शेयरधनीहरुले निर्धारीत विषयसूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (६) मा भए अनुरुप अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले सञ्चालक समितिको उन्नाईसौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७५/७६ को वासलात, नाफा–नोक्सान हिसाब, नगद प्रवाह विवरण, अनुसूचिहरु तथा सभामा प्रस्तुत विषयहरुमा छलफलको लागि आ–आफ्नो मन्तव्य, जिज्ञासा तथा सुझावहरु राख्न चाहने शेयरधनी महानुभावहरुलाई क्रमैसंग सहभागी हुन अनुरोध गर्नुभयो ।

**११) छलफलमा सहभागी हुने शेयरधनीहरु:**

१. श्री अमृतनाथ रेग्मी
२. श्री अशोक उप्रेती
३. श्री ब्यास कुमार शर्मा
४. श्री कुवेर श्रेष्ठ (पूर्व मेजर)
५. श्री उद्धव प्रसाद घिमिरे
६. श्री शिव प्रसाद पौडेल
७. श्री डम्मरु बल्लभ घिमिरे
८. श्री शिव प्रसाद शर्मा
९. श्री भक्ति प्रसाद उप्रेती
१०. श्री शत्रुघन श्रेष्ठ
११. श्री लव राज जोशि
१२. श्री चन्द्र नारायण श्रेष्ठ
१३. श्री दिवाकर खड्का
१४. श्री ईन्द्र कृष्ण श्रेष्ठ

**१२) छलफलमा सहभागी शेयरधनीहरुबाट व्यक्त धारणा, जिज्ञासा, तथा सुझावहरु:**

छलफलमा सहभागी हुनुभएका शेयरधनीहरुबाट व्यक्त विचार, धारणा, जिज्ञासा तथा सुझावहरुलाई सारांशको रुपमा देहाय बमोजिम प्रस्तुत गरिएको छ:–

KUMARI BANK LTD. CORPORATE OFFICE

**क) श्री अमृतनाथ रेग्मी:–** सभालाई सम्बोधन गर्दै बैंकले रु. ९ अरब चुक्ता पूंजी पुऱ्याएकोमा र १० प्रतिशत बोनश शेयर दिएकोमा धन्यवाद ज्ञापन गर्नुभयो । हाईब्रिड डिबेन्चरमा जान सुझाव गर्नु हुँदै कुल सम्पत्ति रु.१ खरब भएकोमा र निक्षेप पनि रु.१ खरब नजिक पुग्न गएकोमा समेत धन्यवाद दिनु भयो । साथै उहाँले खुद व्याज आम्दानि र अफ ब्यालेन्ससिट आईटम बढाउन, कुल आम्दानि बढाउन, कर्मचारी उत्पादकत्व बढाउन, Over head expense घटाउनु सुझाव गर्नु हुदै, आधार व्याजदर र cost of fund बढी भएको गुनासो गर्नु भयो । अन्तमा अध्यक्षज्यूको प्रतिवेदन वार्षिक प्रतिवेदनमा नै समावेश भएको भए राम्रो हुने र कम्पनी ऐनको दफा १०९ को विवरण वासलातको अलग्गै राख्दा झनै राम्रो हुने धारणा राख्नु भयो ।

**ख) श्री अशोक उप्रेति** :- बैंकले १० प्रतिशत शेयर लाभाँश दिएकोमा धन्यवाद ज्ञापन गर्नु हुँदै आगामि साल नयाँ अध्यक्षज्यूबाट सो भन्दा बढी प्रतिफल आउनु पर्ने धारणा राख्नु भयो । उहाँले नेपाल राष्ट्र बैंकबाट फोर्सफुल मर्जर गर्न खोजेकोमा आपत्ति जनाउँदै यसमा शेयर धनीले कडा प्रतिवाद गर्नु पर्ने विचार व्यक्त गर्नु भयो ।

**ग) श्री ब्यास कुमार शर्मा** :– श्री शर्माले उपस्थित सबैलाई सम्बोधन गर्दै बैंकले समीक्षा अवधि देखि गति समातेका छ, सबै क्षेत्रमा राम्रो प्रगति हाँशिल गरेको छ, कुल सम्पत्ति बढेको छ, खुद ब्याज आम्दानि बढेको छ र चालु बर्षमा गुणात्मक बृद्धि गर्न सुझाव गर्नु हुँदै आगामि वर्ष कठिन छ किनकी नेपाल राष्ट्र बैंकको नीति झन कसिलो बन्दै गएको छ भन्नु भयो । उहाँले Investment बढाउन, CD ratio घटाउन, Bond जारी गर्न, Loan portfolio व्यवस्थापन गर्न, सम्पत्तिको गुणस्तर बढाउन, जोखिम व्यवस्थापनमा ध्यान दिन, ह्याकरबाट बच्नको लागि पूर्व सावधानिता अपनाउन सुझाव राख्न हुँदै आगामि साल राम्रो प्रतिफल दिन बैंक सक्षम होस भन्ने शुभकामना व्यक्त गर्नु भयो ।

**घ) श्री कुवेर श्रेष्ठ (पूर्व मेजर)** :– सबैलाई सम्बोधन गर्दै बैंकको संचालन अवधिको तुलानामा बोनश शेयर निकै कम भयो भन्ने भनाई राख्नु भयो । उहाँले समय अनुसार Plan and vision बनाएर अगाडि बढ्न सुझाव गर्नु हुँदै Interest capitalization 19 crore के हो भन्ने प्रश्न गर्नु भयो । सामाजिक उत्तर दायित्व अन्तर्गतको खर्च किन अनुमोदन गर्नु पऱ्यो भन्नु हुँदै मुद्दा मामिलाको खर्च २४ लाख के कसरी भयो भन्ने प्रश्न गर्नु भयो । वार्षिक प्रतिवेदन छाप्न खर्च भएको छ तर शेयरधनीले पाएको छैन, साधारण सभामा लेखापरीक्षक र कानुनी सल्लाहाकार उपस्थित हुनु पर्नेमा किन नभएको भनी प्रश्न गर्नु भयो । शाखा प्रबन्धक खटाउंदा राम्रो मान्छे छानेर पठाउन, कर्जा दिंदा चनाखो हुन र कर्मचारीहरुलाई नैतिक अनुशासन सिकाउन, कर्मचारीलाई आफ्नो बैंक भन्ने भावनाको बिकास गर्न र Employee Motivation बढाउन सुझाव गर्नु भयो । कर्मचारीको संख्या बढेको छ तर नाफा बढेको छैन भन्नु हुँदै कर्मचारी अनुसार मुनाफा बृद्धि गर्न सुझाव दिंदै कुमारी बैंकमा बिगतमा बेमेल थियो तर अहिले त्यो अवस्था नभएको प्रति खुसी व्यक्त गर्नु भयो । अन्तमा बोनश शेयर कहिलेसम्म शेयरधनीको खातामा आउँछ भनि प्रश्न गर्नु भयो ।

**ङ) श्री उद्धव प्रसाद घिमिरे** :– उपस्थित सबैलाई सम्बोधन गर्नु हुँदै १० प्रतिशत बोनश शेयर दिएकोमा धन्यवाद ज्ञापन गर्नु भयो । वासलातको Portfolio management राम्रो छ, चुक्ता पूँजी रु. ९ अरव भन्दा बढी भएकोमा धन्यवाद प्रकट गर्नु हुँदै अरु बैंकहरुको चुक्तापूँजी रु. १४/१५ अरव पुग्न लागि सकेकोले कुमारी बैंकले पनि राम्रो र आफु अनुकुलको साझेदारको खोजी गरी मर्जरमा जान सुझाव गर्नु भयो ।

KUMARI BANK LTD. CORPORATE OFFICE

उहाँले Reserve & surplus र fee based income बढाउन सुझाव गर्नु भयो । नेपाल राष्ट्र बैंकले NFRS लागु गरेको राम्रो छ र सो लागु गर्नु बैंकको हितमा भएकोले धन्यवाद व्यक्त गर्नु भयो । बैंकको प्रगति सन्तोषजनक छ तर अझै प्रगति हाँशिल गरी बढी प्रतिफल दिन सुझाव गर्नु भयो ।

च) **श्री शिव प्रसाद पौडेल :–** उहाँले सभालाई सम्वोधन गर्दै कुमारी बैंकमा युवा अध्यक्षको आगमनले बैंक तथा शेयरधनीलाई हौशला बढाएको छ र जसको ज्वलन्त प्रमाण २ महिना ११ दिनमा साधारण सभा सम्पन्न गर्नु आफैमा गौरवको विषय हो र सो को लागि धन्यवाद ज्ञापन गर्नु भयो । हाल बैंकिंग क्षेत्र ह्याकरवाट प्रताडित भएकोले सो बाट बच्न सूचना प्रणालिमा लगानि बढाउन सुझाव गर्नु भयो । साथै ATM Mechine सवै बैंकहरुको एकै ठाँउमा राख्न सके सुरक्षा दिन सजिलो हुने र खर्च कम हुने धारणा राख्नु भयो । सामाजिक उत्तर दायित्व अन्तर्गतको खर्च गर्दा कुमारी बैंकको लोगो राखेर गर्दा बैंकको प्रतिष्ठा बढ्ने विचार व्यक्त गर्दै खर्च गर्दा ७ वटै प्रदेशमा समान हिसावले गर्न सुझाव गर्नु भयो । उहाँले बैंकको एक्सटेन्सन काउण्टर ठाँउ ठाँउमा राख्न सुझाव गर्नु हुँदै आगामि साल देखि लाभाँश दिंदा ५० प्रतिशत नगद र ५० प्रतिशत बोनश शेयर दिन सुझाव गर्नु भयो ।

छ) **श्री डम्मरु बल्लभ घिमिरे :–** उपस्थित सवैलाइ सम्वोधन गर्दै बैंकले यस वर्ष छिटो साधारण सभा सम्पन्न गर्न सकेकोमा धन्यवाद दिनु भयो र आगामि वर्ष पनि सोही अनुसार समयमै साधारण सभा सम्पन्न गर्न सुझाव गर्नु भयो । श्री घिमिरेले बैंक १९ वर्ष लागि सक्यो र नक्शाल जस्तो काठमाडौंको मुटुमा आफ्नै जग्गा भएर पनि अहिलेसम्म आफ्नो भवन निर्माण गर्न नसकेकोमा दुखः मनाउ गर्नु भयो । उहाँले १० प्रतिशत बोनश शेयर दिएकामा धन्यवाद ज्ञापन गर्दै बैंकले मर्जरमा जानुको सट्टा कुनै विकास बैंक वा वाणिज्य बैंकलाई प्राप्ति गर्न सकेमा राम्रो हुने धारणा राख्नु भयो ।

ज) **श्री शिव प्रसाद शर्मा** :– श्री शर्माले सभामा उपस्थित सवैलाई सम्वोधन गर्दै बैंकले समयमै साधारण सभा सम्पन्न गर्न सकेकोमा धन्यवाद भन्नु हुँदै १० प्रतिशत बोनश शेयर दिएकोमा पनि धन्यवाद ज्ञापन गर्नु भयो । आगामि वर्ष कम्तिमा १५ प्रतिशत लाभाँश दिन सुझाव समेत गर्नु भयो ।

झ) **श्री भक्ती प्रसाद उप्रेतिः–** उहाँले मंचमा आशिन अध्यक्ष, सञ्चालक समितिका सदस्यहरु, बैंकका पदाधिकारी र उपस्थित सम्पूर्ण शेयरधनीहरुलाई सम्वोधन गर्दै सर्व प्रथम समयमै साधारण सभा गर्न सकेकोमा र १० प्रतिशत बोनश शेयर दिएकोमा धन्यवाद ज्ञापन गर्नु भयो । श्री उप्रतिले बैंकको निष्कृय कर्जा घटाई उल्लेख्य प्रगति हाँशिल गरेकोमा र अपलेखित कर्जा नभएकोमा खुशी व्यक्त गर्दै युवा अध्यक्षको जोश र व्यवस्थापनको speed मिल्न सकेमा बैंकले छिटै अपेक्षित प्रगति हाँशिल गर्न सक्ने र आगामि वर्ष न्यूनतम १५ प्रतिशत लाभाँश दिन सक्नेमा आफु विश्वस्त रहेको धारणा राख्नु भयो । Net interest income बढाउन, cost of fund घटाउन, base rate घटाउन, spread बढाउन, syber सुरक्षा असावधानिको कारणबाट पनि बढेकोले सो तर्फ ध्यान दिन, गैर बैंकिंग सम्पति घटाउन र राम्रा कर्मचारीलाई पदोन्नति गरी हौशला बढाउन सुझाव गर्नु भयो । अन्तमा श्री उप्रेतिले मर्जरको प्रस्ताव नल्याएको किन हो भनि प्रश्न गर्नु भयो ।

ञ) **श्री शत्रुघन श्रेष्ठ :–** सभालाई सम्वोधन गर्दै १९ वर्ष पुगेको बैंकले १० प्रतिशत मात्र लाभाँश दिएर किन कन्जुस्याई गरेको भन्ने प्रश्न गर्नु भयो । उहाँले समयमै साधारण सभा सम्पन्न गर्न सकेकोमा धन्यवाद

KUMARI BANK LTD. CORPORATE OFFICE

ज्ञापन गर्दै खुशी व्यक्त गर्नु भयो । बैंकले सामाजिक उत्तर दायित्व अन्तर्गत रु.१२ लाख टिच भन्ने संस्थालाई दिएको भन्ने व्यहोरा वासलातमा देखियो उक्त रकम मासिक हो कि वार्षिक हो भनि प्रश्न गर्नु भयो ।

ट) **श्री लवराज जोशिः–** श्री जोशिले सभालाई सम्वोधन गर्दै नयाँ अध्यक्ष आए पछि बैंकले पहिलो पटक आश्विन महिनामा नै साधारण सभा सम्पन्न गरी ईतिहास रचेको र दिनको संकेत विहानिले गर्छ भने झैं अब बैंकले राम्रो लय समातेकोले फड्को मार्ने धारणा राख्नु भयो । उहाँले १० प्रतिशत बोनश शेयर दिएकोमा धन्यवाद ज्ञापन गर्नु हुँदै बैंकमा हाल विज्ञ व्यक्तिहरुको नेतृत्व तथा कुशल व्यवस्थापनको कारण आगामी दिनमा यस बैंकले राम्रो प्रगति हाँशिल गर्नेमा कुनै शंका नरहेको धारणा राख्नु भयो ।

ठ) **श्री चन्द्र नारायण श्रेष्ठः–** उहाँले १० प्रतिशत बोनश शेयर दिएकोमा सञ्चालक समिति र बैंक व्यवस्थापनलाई धन्यवाद ज्ञापन गर्नु हुँदै बैंकको निक्षेप र कर्जा दुवै बढेको छ र चुक्ता पूँजी पनि रु.९ अरव भन्दा बढी भई सकेकोले सवै तर्फ राम्रो प्रगति गर्दै हाँशिल गर्न सफल भएकोमा धन्यवाद व्यक्त गर्नु भयो ।

ड) **श्री दिवाकर खड्का** :– श्री खड्काले सभालाई सम्वोधन गर्दै बैंकको अन्य क्षेत्रमा राम्रै प्रगति हाँशिल गरेको छ तर आधार व्याजदर ज्यादै बढी भएकोमा र व्याजदर अन्तर कम भएकोमा चिन्ता व्यक्त गर्नु भयो ।

ढ) **श्री ईन्द्र कृष्ण श्रेष्ठ** :– उहाँले साक्षात जिवित देवी कुमारीको नामवाट बैंकको नाम रहेको तर वासलातमा कुमारीको फोटो नभएकोले सो राख्दा राम्रो हुने धारणा राख्नु भयो । मर्जरको सम्बन्धमा आफ्नो धारण राख्दै राष्ट्र बैंकले भन्दैमा मर्जरमा जान नहुने र आफुलाई उपयुक्त हुने खालको संस्थासँग सबै कुरा मिल्ने भए मात्र मर्जरमा जान राम्रो हुने धारणा राख्नु भयो । त्यसैगरी उहाँले अध्यक्ष र सञ्चालक समितिले भत्ता मात्र नखाई बैंकको उन्नतिको लागि राम्रो काम गरेर देखाउन र १० प्रतिशत शेयर चित्त बुझ्दो नभएको धारणा राख्नु भयो ।

**लिखित मन्तव्य दिने शेयरधनीहरुमा देहाय बमोजिम रहनु भएको छ :**

अ) **श्री नरसिंह लाल चंखु** :– वासलात प्रगति उन्मुख छ, अध्यक्षज्यूको दृष्टिकोण स्पष्ट आउनु पर्ने देखिन्छ, लगानिकर्तालाई प्रतिफल सुनिश्चित गर्न सबै पक्ष सचेत देखिन्छ, नयाँ ढाँचाको Product लाई प्राथमिकतामा राख्नु पर्दछ, Invesment portfolio मा बैंक सफल छ, Earning activity र Earning quality maintain गर्नु पर्दछ, NPL र NPA ratio 1% भन्दा कम हुनु पर्दछ, CD ratio उच्च भएकोले balance मा राख्नु पर्दछ । Earning per employee मा सुधार गर्नु पर्दछ, MIS मा राम्रो सुधार हुँदै गएको पाईन्छ, शाखाहरुको सुशासन, Prodictovity र Profit enhancement मा ध्यान दिनु पर्दछ, Net profit बढाउन सक्नु पर्दछ, Capital conservation buffer, Leaverage ratio maintain मा जोड दिनु पर्दछ भन्ने सुझाव पेश गर्नु भयो ।

आ) **श्री कृष्ण प्रसाद अधिकारी** :– यस वर्षको वार्षिक साधारण सभा पहिलो त्रिमास भित्रै गर्न सफल हुनु भएकोमा र सामाजिक उत्तर दायित्व अन्तर्गत विभिन्न क्षेत्रहरु जस्तैः विद्यालय, बच्चा र महिलाको हित,

KUMARI BANK LTD. CORPORATE OFFICE

संस्कृतिको जगेर्ना, मन्दिरलाई सहयोग आदि मार्फत सेवा गरेकोमा धन्यवाद दिनु भयो । यो बैंक सुशासनमा संचालित छ र चुस्त सञ्चालक समिति छ त्यसैले राम्रो उन्नति र प्रगति गर्दै जाओस भनि शुभ कामना व्यक्त गर्नु भयो ।

इ) **श्री गुण राज भट्टः–** यस बैंकले छिटो साधारण सभा सम्पन्न गर्न सकेकोमा, निक्षेप संकलन, कर्जा प्रवाह र लगानि बढाई खुद नाफा बढाउन सकेकोमा समेत धन्यवाद दिनु भयो । साईबर सुरक्षामा ध्यान दिन, दक्ष कर्मचारीको भर्ना र तालिममा जोड दिन, कर्मचारी retaintion मा ध्यान दिन, निष्कृय कर्जा कम छ तर अझै कम गर्न र मुनाफाको दर बढाउन सुझाव पेश गर्नु भयो ।

**१३) सभामा व्यक्त भएका धारणा, सुझाव तथा सवाल जवाफको प्रस्तुतिकरण :**

छलफलमा सहभागी शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएको मन्तव्य, जिज्ञासा, सुझाव तथा प्रतिक्रियाहरुलाई अध्यक्षज्यूले देहाय बमोजिम जानकारी गराउँदै आश्वस्त पार्नु भयो :–

शेयरधनीज्यूहरुवाट व्यक्त विचार तथा सुझावहरु मनन योग्य रहेको र यहाँहरुवाट व्यक्त सुझावहरुलाई सम्भव भएसम्म कार्यान्वयन गर्ने प्रतिवद्धता जनाउनु भयो । शेयरधनी श्री अमृत नाथ रेग्मीज्यूले अध्यक्षज्यूको प्रतिवेदन वासलातसँगै हुंदा राम्रो हुने र कम्पनी ऐनको दफा १०९ को विवरण वासलात भन्दा वाहिर हुंदा राम्रो हुने सुझावका सम्वन्धमा अध्यक्षको प्रतिवेदनमा वासलात प्रकाशित भए पछि घटित पछिल्लो विवरणलाई अध्यावधिक गर्ने गरिएकोले वासलातमा समावेश नगरिएको व्यहोरा जानकारी गराउनु हुँदै दफा १०९ को विवरण वासलातको ढाँचा एवं कम्पनी ऐनको व्यवस्था रहेकोले सोहि अनुसार गरिएको व्यहोरा जानकारी गराउनु भयो । त्यसैगरी मेजर कुवेर श्रेष्ठले सामाजिक उत्तर दायित्व अन्तर्गतको खर्च किन अनुमोदन गर्नु पर्‍यो भन्ने सवालमा कम्पनी ऐन बमोजिम रु.१ लाख भन्दा बढीको खर्च साधारण सभावाट अनुमोदन/स्वीकृत गर्नु पर्ने प्रावधान बमोजिम अनुमोदनको लागि पेश गरेको व्यहोरा जानकारी गराउनु भयो । साधारण सभामा लेखापरीक्षक र कानुनी सल्लाहाकारको उपस्थित किन नभएको भन्ने प्रश्नमा कम्पनी सचिवले यस अघि नै जानकारी गराई सक्नु भएको छ उहाँहरुलाई निमन्त्रणा गरिएको र उहाँहरु आउने क्रममा हुनु होला भन्ने व्यहोरा अनुरोध गर्नु भयो । वैंकमा हाल कुनै किसिमको वेमेलको अवस्था छैन र सवै पक्ष मिलेर काम गरिरहेको व्यहोरा समेत जानकारी गराउनु भयो ।

बैंकले १९ वर्ष पुरा गरेको परिप्रेक्ष्यमा अपेक्षाकृत प्रतिफल दिन नसकेकोमा सिंगो सञ्चालक समिति र व्यवस्थापन सचेत रहेको र हामिले प्रतिस्पर्धि वजारमा संस्थागत सु-शासन र जोखिम व्यवस्थापनलाई केन्द्र विन्दुमा राखि निक्षेप संकलन र कर्जा लगानिमा जोड दिएको व्यहोरा जानकारी गराउनु भयो । त्यसैगरी बैंकले आफ्नो कार्य क्षेत्र विस्तार गर्ने हेतु शाखा विस्तारमा जोड दिएको, शाखा विस्तारसँगै कर्मचारी भर्नालाई उच्च प्राथमिकतामा राखि गत आ.व.मात्र झण्डै ३५० भन्दा बढी कर्मचारी छनोट गरी नियुक्ती गरि सकिएको, बैंकको साईबर सुरक्षा लगायत सूचना प्रणालिमा जोड दिएको, नयाँ नयाँ प्रडक्टहरु ल्याई सरल र सुलभ वैकिंग पद्धति अवलम्वन गरेको, निक्षेपमा नयाँ बचत खाता जस्तो एक जनाको वचत खातावाट परिवारकै बीमा गरिने स्किम ल्याएको व्यहोरा जानकारी गराउनु भयो । साथै शेयरधनीहरुवाट समेत त्यस्तो बचत खाता खोली परिवारकै स्वस्थ्य वीमामा सहभागि हुन अनुरोध गर्नु भयो ।

KUMARI BANK LTD. CORPORATE OFFICE

त्यसै गरी सूचना प्रविधिको क्षेत्रमा सञ्चालक समितिले भिडीयो कन्फ्रेन्सको माध्यमवाट बैठक संचालन गर्ने पद्धति अवलम्बन गरिसकेको, कागज रहित ढंगले अगाडि वढ्न सञ्चालक समितिको बैठकको प्रस्तावहरु सफट कपिवाट प्रेषित गर्ने पद्धतिको थालनि गरिएको व्यहोरा समेत सभालाई जानकारी गराउनु भयो । उहाँले शेयरधनीहरुवाट बैंकको समग्र पद्धति, व्यापारको सुदृढिकरण, जोखिम व्यवस्थापन, खराव कर्जाको व्यवस्थापन, गैर बैकिंग सम्पत्तिको व्यवस्थापन, कर्मचारीको क्षमता बृद्धि, तालिममा जोड, कर्मचारी रिटेन्सन आदिमा दिएको सुझावलाई सञ्चालक समितिले गम्भिरता पूर्वक लिएको र ति कुराहरुमा धेरै नै सुधार गरि सकिएको र आगामि दिनहरुमा अझ परिस्कृत रुपमा अगाडि बढ्ने प्रतिवद्धता दोहोऱ्याउनु भयो ।

शेयरधनीहरुवाट व्यक्त अन्य विचारहरु जस्तैः खुद व्याज आम्दानि र अफ व्यालेन्ससिट आईटम बढाउन, कुल आम्दानि बढाउन, कर्मचारी उत्पादकत्व बढाउन, Over head expenses घटाउन दिएको सुझाव मननयोग्य छन । त्यसैगरी Investment बढाउन, CD ratio घटाउन, Bond जारी गर्न, Loan portfolio व्यवस्थापन गर्न, सम्पत्तिको गुणस्तर बढाउन, जोखिम व्यवस्थापनमा ध्यान दिन, ह्याकरवाट वच्नको लागि पूर्व सावधानिता अपनाउन, दक्ष कर्मचारीको भर्ना र तालिममा जोड दिन, कर्मचारी retaintion मा ध्यान दिन, Earning per employee मा सुधार गर्न, शाखाहरुको सुशासन, Prodictivity र Profit enhancement मा ध्यान दिन, Reserve & surplus र fee based income बढाउन दिएका सुझावहरु सकारात्मक रहेकोले सञ्चालक समिति र व्यवस्थापनले सम्भव भए सम्म कार्यान्वयन गर्ने प्रतिवद्धता जनाउनु भयो ।

सबाल जवाफको अन्तमा अध्यक्षज्यूले मर्जर गर्नु बैंकको रहर नभई बाध्यता भएको र त्यसलाई मूर्तरुप दिन सञ्चालक समिति स्तरमा मर्जर समिति गठन गरिएको र विभिन्न बैंक, वित्तीय संस्थाहरुसँग अनौपचारिक कुराहरु अगाडि बढी रहेकोले यस बैंकलाई सुहाउँदो र उपयुक्त संस्थासँग मर्ज वा प्राप्ति गर्ने नीति रहेको धारणा सभालाई जानकारी गराउनु भयो । त्यसैगरी बैंकको आफ्नै भवन होस् भन्नेमा धेरै अघि देखि शेयरधनी र बैंक सञ्चालक समितिको मनशाय रहेको तथापि यसलाई कार्यान्वयन गर्न नसकि रहेको परिप्रेक्ष्यमा यसै आ.व. भित्र निर्माण कार्य थालनी गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नु भयो । शेयरधनीज्यूहरुको अमूल्य सुझावलाई ग्रहण गरी कार्यान्वयन गर्न सञ्चालक समिति दृढ रहेको र केही वर्ष भित्रै बैंकलाई अहिलेको अवस्थावाट सुदृढ र सक्षम संस्थाको रुपमा चिनाउन प्रतिवद्धताका साथ लागि परेको व्यहोरा समेत अवगत गराउनु भयो ।

अन्तमा अध्यक्षज्यूले आफुले प्रायः जसो जिज्ञासाहरुलाई समेटेको र कुनै कुराहरु छुट भएको भए प्रमुख कार्यकारी अधिकृतले जवाफ दिनु हुने व्यहोरा सभालाई जानकारी गराउनु भयो ।

**<u>प्रमुख कार्यकारी अधिकृतद्वारा दिनु भएको जवाफको प्रस्तुतिकरणः</u>**

प्रमुख कार्यकारी अधिकृत श्री सुरेन्द्र भण्डारीले शेयरधनीज्यूहरुवाट राख्नु भएको जिज्ञासाहरुको जवाफ अधिकांश रुपमा अध्यज्यूले दिई सक्नु भएकोले केहि छुट भएका कुराहरुलाई मात्र आफुले अवगत गराउने व्यहोरा अनुरोध गर्नु भयो । उहाँले Interest capitalization 19 crore के हो भन्ने प्रश्नमा ............ भन्नु भयो भने मुद्दा मामिलाको खर्च रु.२४ लाख के हो भन्ने प्रश्नमा सो खर्च नभई आन्तरिक राजश्व कार्यालयवाट करको लागि माग भएको रकम Provision गरेको मात्र हो भन्ने जानकारी गराउनु भयो । त्यसैगरी मर्जरको प्रस्ताव किन नल्याएको भन्ने सवालमा बैंकले यस अधिको साधारण सभावाट मर्जरको प्रस्ताव पारित भई सकेकोले एक पटक पारित प्रस्ताव २ वर्षसम्म Valid हुने भएकोले यस सभामा पुनः प्रस्ताव ल्याउन आवश्यक नभएको व्यहोरा जानकारी गराउनु भयो । बोनश शेयर कहिलेसम्म शेयरधनीको खातामा आईसक्छ भन्ने सम्बन्धमा

BANK LTD
CORPORATE OFFICE

आज प्रस्तावित बोनश शेयर अनुसारको चुक्ता तथा जारी पूँजी वृद्धि गर्न प्रबन्धपत्र कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख हुनु पर्ने र नेपाल राष्ट्र बैंकवाट समेत सो को लागि स्वीकृति लिनु पर्ने भएकोले सो अभिलेख हुना साथ बोनश शेयर सूचिकरणको लागि प्रकृया अगाडि बढाई जतिसक्यो छिटो शेयरधनीहरुको खातामा बोनश शेयर क्रेडिट गर्ने व्यवस्था गरिने व्यहोरा जानकारी गराउनु भयो । बैंकले सामाजिक उत्तर दायित्व अन्तर्गत दिएको टिच भन्ने संस्थालाई दिएको रु.१२ लाख रुपैयाँ मासिक नभई वार्षिक एवं एकपटकको लागि भएको व्यहोरा अनुरोध गर्नु भयो । त्यसैगरी बैंकले रु.३ अरव रकमको वण्ड जारी गर्ने प्रकृयोको थालनी गरेको र शेयर खरिद बिक्री सम्बन्धी कार्य गर्न के.बि.एल. सेक्युरिटिज लि. दर्ता गरी नेपाल स्टक एक्सचेन्ज लि.वाट कारोवार अनुमतिको लागि प्रकृयाको थालनी गरि सकिएको व्यहोरा समेत सभालाई जानकारी गराउनु भयो । अन्तमा शेयरधनीज्यूहरुले दिनु भएको सुझावहरुलाई व्यवस्थापनवाट यथासम्भव पालान गर्ने र संस्थागत सुशासन र जोखिम व्यवस्थापनलाई ध्यानमा राखि बैंकको व्यवसाय अभिवृद्धि गरी बढी भन्दा बढी प्रतिफल दिन दृढ संकल्पित भई भर मग्दुर कोशिस गर्ने प्रतिवद्धता समेत जनाउनु भयो ।

यस पछि अध्यक्षज्यूले अन्तमा आज प्रस्तुत सामान्य तथा विशेष प्रस्तावहरुलाई उपस्थित शेयरधनी साथिहरुले तालि बजाई पारित गरि दिनु अनुरोध गर्नु हुँदै निर्धारित कार्यक्रम अगाडि बढाउन कम्पनी सचिवलाई निर्देशन गर्नुभयो ।

कम्पनी सचिवले अध्यक्षज्यूको निर्देशनानुसार सभाको निर्धारित बिषयसूची बमोजिम सभामा प्रस्तावित छलफलका विषयहरुलाई तीन चरणमा विभाजन गरिएको जसअनुसार सामान्य प्रस्ताव, बिशेष प्रस्ताव र विविध रहेकोले सर्व प्रथम सामान्य प्रस्ताव निर्णयार्थ पेश गरि त्यसपछि क्रमैसँग विशेष प्रस्ताव पारित गरीदिन अनुरोध गर्नुभयो ।

१४) **सभाको प्रस्ताव तथा निर्णयहरु:–**

**क. सामान्य प्रस्ताव**

१. **उन्नाईसौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।**

**निर्णय:–** सभाको निर्धारित विषयसूचीको नम्वर १ मा रहेको सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गरीयोस भनी राखेको प्रस्ताव सभाबाट ताली बजाई सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

२. **लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७५/०७६ को वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०७६ को वासलात, आ.व. २०७५/०७६ को नाफा नोक्सान हिसाव र सोहि अवधिको नगद प्रवाह विवरण, नाफा नोक्सान बाँडफाँड हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्बद्ध अनुसूचीहरु) उपर छलफल गरी पारित गर्ने ।**

**निर्णय:–** प्रस्ताव नंवर २ अन्तर्गत रहेको लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७५/०७६ को वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०७६ को वासलात, आ.व. २०७५/०७६ को नाफा नोक्सान हिसाव र सोहि अवधिको नगद प्रवाह विवरण, नाफा नोक्सान बाँडफाँड हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्बद्ध अनुसूचीहरु) उपर छलफल गरी पारित गरि दिन गरिएको प्रस्तावलाई सभावाट कर्तल ध्वनिका साथ ताली बजाई सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

KUMARI BANK LTD. CORPORATE OFFICE

३. **यस बैंकको सहायक कम्पनी कुमारी क्यापिटल लिमिटेडको आ.व. २०७५/०७६ को वित्तीय विवरण सहितको एकिकृत वित्तीय विवरण छलफल गरी पारित गर्ने ।**

**निर्णयः–** विषयसूची नं.३ अन्तर्गत रहेको बैंकको सहायक कम्पनी कुमारी क्यापिटल लिमिटेडको आ.व. २०७५/०७६ को वित्तीय विवरण सहितको एकिकृत वित्तीय विवरणलाई सभाले तालि बजाई पारित गर्ने निर्णय गरियो ।

४. **आ.व.२०७६/०७७ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने (वर्तमान लेखापरीक्षक SR Pandey & Co., Maharajgung, Kathmandu का CA Sudarshan Raj Pandey पुनर नियुक्ती हुन सक्नु हुनेछ) ।**

**निर्णयः–** आर्थिक वर्ष २०७६/७७ को लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दा सभाले लेखापरीक्षण समितिद्वारा सिफारिस गरीएका ३ वटा लेखापरीक्षकहरु मध्येबाट सवै भन्दा कम पारिश्रमिक प्रस्ताव गर्ने SR Pandey & Co., Nabil Galli, Maharajgung, Kathmandu का CA Sudarshan Raj Pandey लाई नियुक्त गर्ने र पारिश्रमिक समेत लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम मूल्य अभिबृद्धि कर बाहेक Audit fee रु.१३,६५,०००/– (जसमा स्टाच्युटरी अडिट, ट्याक्स अडिट, लङ्गफर्म अडिट रिपोर्ट र कम्पनी ऐनको दफा ७८ प्रमाणित फि समेत) (अक्षरुपी तेह्र लाख पैसट्ठी हजार मात्र) भुक्तानी गर्ने । साथै शाखाहरुको भ्रमण गर्दा लाग्ने यातायात, स्टेशनरी तथा अन्य खर्चहरुको सम्बन्धमा मूल्य अभिबृद्धि कर बाहेक एकमुष्ट रु.७,०८,७५०/– (अक्षरेपी सात लाख आठ हजार सात सय पचास) दिने निर्णय सहित जम्मा भुक्तानी कर बाहेक रु.२०,७३,७५०/– र मूल्य अभिबृद्धि कर रु.२,६९,५८८/– समेत गरी कुल रु.२३,४३,३३८/– (अक्षरुपी तेइस लाख त्रिचालिस हजार तीन सय अट्तीस मात्र) भुक्तानी गर्न राखिएको प्रस्तावलाई सभाबाट तालि बजाई सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

**ख. विशेष प्रस्ताव**

१. **सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७५/०७६ को लागि चुक्ता पूंजीको १० (दश) प्रतिशत बोनश शेयर तथा बोनश शेयरको कर प्रयोजनार्थ नगद लाभांश ०.५२६% (शुन्य दशमलव पाँच दुई छ प्रतिशत) नगद लाभाँश स्वीकृत गर्ने र सो अनुसार प्रबन्धपत्रको दफा ५ (ख) र (ग) संशोधन गर्ने र सो शंसोधनको क्रममा नियमन निकायवाट कुनै कुराहरु फेर बदल गर्न निर्देशन भएमा सो गर्न सञ्चालक समितिलाई अधिकार हस्तान्तरण गर्ने ।**

**निर्णयः–** प्रस्तुत प्रस्तावमा छलफल गर्दा सञ्चालक समितिवाट भएको प्रस्ताव बमोजिम आ.व. २०७५/०७६ को लागि चुक्ता पूँजीको १० (दश) प्रतिशत बोनश शेयर तथा बोनश शेयरको कर प्रयोजनार्थ नगद लाभांश ०.५२६% (शुन्य दशमलव पाँच दुई छ प्रतिशत) नगद लाभाँश स्वीकृत गर्ने निर्णय सभावाट कर्तलध्वनिका साथ तालि बजाई स्वीकृत गर्ने निर्णय गरियो । साथै बोनश शेयर जारी गर्दा बैंकको जारी तथा चुक्ता पूँजी बृद्धि हुने भएकोले प्रस्ताव बमोजिम प्रबन्ध पत्रको दफा ५ (ख) र (ग) लाई संशोधन

KUMARI BANK LTD. CORPORATE OFFICE

गर्ने सम्वन्धी प्रस्तावलाई सभाले देहाय बमोजिम गर्ने गरी तालिबजाई सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो :–

**प्रबन्धपत्रको दफा ५ (ख) को व्यवस्था :**

"बैंकको तत्काल जारी गर्ने शेयर पूँजी रु.९,५५,४१,३०,४३९/८५ (अक्षरुपी नौ अरब पचपन्न करोड एकचालिस लाख तिस हजार चार सय उनान्चालिस र पैसा पचासि मात्र) हुनेछ।"

**प्रबन्धपत्रको दफा ५ (ग) को व्यवस्था :**

"बैंकको तत्काल चुक्ता पूँजी रु.९,५५,४१,३०,४३९/८५ (अक्षरुपी नौ अरब पचपन्न करोड एकचालिस लाख तिस हजार चार सय उनान्चालिस र पैसा पचासि मात्र) हुनेछ।"

२. **बैंकले आ.व. २०७५/०७६ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐनको दफा १०५ (१)(ग) ले निर्धारण गरेको सीमा भन्दा बढी भएको खर्चलाई अनुमोदन गर्ने।**

**निर्णयः–** प्रस्ताव गरिए बमोजिम बैंकले आ.व. २०७५/०७६ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐनको दफा १०५ (१) (ग) ले निर्धारण गरेको सीमा भन्दा बढी भएको खर्चलाई सभाले तालि बजाई अनुमोदन गर्ने निर्णय गरियो।

**ग. विविध।**

प्रस्ताव खण्डको (ग) को विविध शिर्षक अन्तर्गत केही नभएको।

सभाको अन्तमा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सञ्चालक समितिवाट प्रस्तावित प्रस्तावहरु सर्वसम्मतिले पारित गरी दिनु भएकोमा अध्यक्षज्यूले हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो। साथै सभालाई सफलताका साथ सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने संस्थापक शेयरधनी महानुभावहरु, सर्वसाधारण समूहका शेयरधनी महानुभावहरु, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज लि., सिडिएस एण्ड क्लियरिङ लि. लेखापरीक्षक, कानूनी सल्लाहकार, पत्रकार मित्रहरु, सञ्चालक साथीहरु, बैंकका कर्मचारीहरु लगायत सम्वद्ध सवै प्रति हार्दिक आभार प्रकट गर्दै अपरान्ह २:३० बजे अध्यक्षज्यूले सभा विसर्जन भएको घोषणा गर्नुभयो।

| | |
|---|---|
| ............ | ............ |
| नरेन्द्र प्रसाद छत्कुली | अमिर प्रताप ज.ब.राणा |
| कम्पनी सचिव | अध्यक्ष |

KUMARI BANK LTD. CORPORATE OFFICE